कपुरकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कपुरकोट, सल्यान

## पहिलो गाउँ कार्यपालिकाको बैठक

### कपुरकोट गाउँपालिका, सल्यान

आज मिति २०८२ साल साउन १९ गते दिउसो ११:०० बजे यस कपुरकोट गाउँपालिकाका अध्यक्ष श्री दुर्गा बहादुर पुनज्यूको अध्यक्षतामा गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा कपुरकोट गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को प्रथम गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दुर्गा बहादुर पुन | गाउँपालिका अध्यक्ष | |
| २ | श्री प्रकाश भरारी | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री बालाराम खड्का | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री इश्वर बुढा | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री प्रदिप खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री मित्रलाल कठायत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री होमराज खड्का | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री श्याम कृष्ण बोहरा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री बिमल कामी | कार्यपालिका सदस्य | |
| १० | श्री तिला कुमारी कामी | कार्यपालिका सदस्य | तिला |
| ११ | श्री राधिका ऐरी | कार्यपालिका सदस्य | राधिका |
| १२ | श्री रेवती सुनार | कार्यपालिका सदस्य | रेवती |
| १३ | श्री अनिता पून | कार्यपालिका सदस्य | |
| १४ | श्री तीला बुढाथोकी रोका | कार्यपालिका सदस्य | |
| १५ | श्री दिनेश पौडेल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| सहयोगी कर्मचारीहरु | | | |
| १ | श्री जिवराज खत्री | प्रशासकीय अधिकृत | |
| २ | श्री गेहेन्द्र के.सी. | फिल्ड सहायक | |
| ३ | श्री तारादेवी सेन | सहयोगी | |

प्रमुख प्रशासकीय अधिकृत

"पाना "६" मध्ये पाना "१"

Scanned with CamScanner

आ.व. २०८२/०८३ को प्रथम गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. आ.व. २०८१/०८२ को वार्षिक वजेट, योजना तथा कार्यक्रम कार्यान्वयनको समीक्षा कार्यक्रम सम्वन्धमा।
२. आ.व. २०८१/०८२ को वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन सम्वन्धमा।
३. जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना(LACCP) कार्यान्वयनका लागि लागत साँझेदारी सम्वन्धमा।
४. विविध विषयमा।
   ४.१. श्रम अभियान सञ्चालन सम्वन्धमा।
   ४.२. हरित वर्ष २०८२/०८३ सञ्चालन सम्वन्धमा।
   ४.३. आ.व. २०८२/०८३ को योजना तथा कार्यक्रम कार्यान्विय सम्वन्धमा।
   ४.४. शिक्षा समितिवाट भएका सिफारिस तथा निर्णयहरु अनुमोदन तथा स्वीकृत गर्ने।
   ४.५. कंपुरकोट गाउँपालिकामा करार सेवामा जनशक्ति व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०८२ स्वीकृत सम्वन्धमा।
   ४.६. जिल्ला दर स्वीकृत सम्वन्धमा।
   ४.७. कार्यसम्पादन करार संझौता गर्ने सम्वन्धमा।
   ४.८. आ.व. २०८२/०८३ मा संघीय तथा प्रादेशिक कार्यालयवाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमको जानकारी सम्वन्धमा।

प्रमुख प्रशासकीय अधिकृत

पाना "6" मध्ये पाना "2"

## २०८२ साउन १९ गते बसेको आ.व. २०८२/०८३ को प्रथम गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय | सम्बन्धित शाखा |
|---|---|---|---|---|---|
| १. | आ.व. २०८१/०८२ को वार्षिक बजेट, योजना तथा कार्यक्रम कार्यान्वयनको समीक्षा कार्यक्रम सम्वन्धमा। | आ.व. २०८१/०८२ को वार्षिक बजेट, योजना तथा कार्यक्रम कार्यान्वयनको सम्वन्धमा सकारात्म पक्ष, सुधार गर्नु पर्ने पक्ष, मुख्य उपलब्धीहरुको लेखाजोखा गर्ने गरी समीक्षा कार्यक्रम सञ्चालन गर्नु पर्ने। | आ.व. २०८१/०८२ को वार्षिक बजेट, योजना तथा कार्यक्रम कार्यान्वयनको सम्वन्धमा सकारात्म पक्ष, सुधार गर्नु पर्ने पक्ष, मुख्य उपलब्धीहरुको लेखाजोखा गर्ने गरी समीक्षा कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले सबै वडा कार्यालय र विषयगत शाखाहरुको तर्फबाट प्रगती प्रतिवेदन पेश गर्ने। उक्त वार्षिक समीक्षा कार्यक्रम मिति २०८२/०४/२९ गते दिनको ११ बजे गाउँपालिकाको सभाहलमा सञ्चालन गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना तथा प्रशासन शाखा |
| २. | आ.व. २०८१/०८२ को वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन सम्वन्धमा। | सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ बमोजिम आ.व. २०८१/०८२ को वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम २०८२ साउन मसान्तभित्र गर्नु पर्ने। | सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ बमोजिम आ.व. २०८१/०८२ को वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम गाउँपालिकाको सभाहलमा मिति २०८२/०४/३० गते दिनको ११ बजे सञ्चालन गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | प्रशासन शाखा |
| ३. | जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (LACC) कार्यान्वयनका लागि लागत साँझेदारी सम्वन्धमा। | जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना ( सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२ को दफा ६ को उपदफा २(घ) बमोजिम पुँजिगत शिर्षकमा कम्तिमा २०(बीस) प्रतिशत लागत साँझेदारी गर्नु पर्ने भएको। | जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना ( सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२ को दफा ६ को उपदफा २(घ) बमोजिम उक्त परियोजना छनौटका लागि सम्वन्धित स्थानीय तहले पुँजिगत शिर्षकमा कम्तिमा २०(बीस) प्रतिशत लागत साँझेदारी गर्नु पर्ने भएकोले चालु आ.व.मा यस कपुरकोट गाउँपालिकामा उक्त परियोजना कार्यान्वयन हुने गरी छनौट भएमा गाउँपालिकाबाट चालु आ.व. २०८२/०८३ मा साँझेदारी कोषमा विनियोजित बजेट र नपुग रकम संशोधन गरी बजेट सुनिश्चित गर्ने गरी उक्त परियोजनामा यस गाउँपालिकाको तर्फबाट २२ प्रतिशत लागत साझँदारी गर्ने प्रतिवद्धता सहितको निर्णय स्वीकृत गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना शाखा |

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | विविध विषयमा। | ४.१. श्रम अभियान सञ्चालन सम्वन्धमा। | ➢ आर्थिक वर्ष २०८२/०८३ लाई श्रम संस्कृति प्रवर्द्धन अभियान वर्षको रुपमा सञ्चालन गर्ने,हरेको महिनाको दोस्रो सनिबार र चौथो शुक्रवार सबै जनप्रतिनिधि र कर्मचारीहरुले निर्धारित योजनामा श्रमदान गर्नु पर्ने,<br>➢ श्रम संस्कृति प्रवर्द्धन अभियान सञ्चालनका लागि विनियोजित बजेटबाट निर्माण सामग्री खरिद गर्ने र सो बाहेक सबै श्रमदानबाट निर्माण कार्य सम्पन्न गर्ने।<br>➢ आ.व. २०८२/०८३मा श्रम अभियान सञ्चालनका लागि विनियोजित बजेट रु. १५ लाख मध्येबाट खर्च गर्ने गरी रु. ३ लाख रकम बराबरको सामग्रि लागत हुने योजनाहरु छनौट गरी ७(सात) दिन भित्र गाउँपालिकामा पठाउनु पर्ने। त्यसरी योजना छनौट गर्दा अधिकाधिक श्रम जुट्ने योजनाहरुमा सम्वन्धित टोल विकास संस्थाहरुको प्रतिवद्धता सहित वडा समितिबाट निर्णय गरी पठाउनु पर्ने।<br>➢ श्रम संस्कृति प्रवर्द्धन अभियान सञ्चालनका लागि गाउँपालिका स्तरमा र वडा स्तरमा देहाय बमोजिमको एक परिचालन समिति गठन गर्ने।<br>गाउँपालिका स्तरीय श्रम परिचालन समितिः<br>१. गाउँपालिका उपाध्यक्ष- संयोजक<br>२. प्रमुख प्रशासकीय अधिकृत-सदस्य<br>३. सबै वडाका वडा अध्यक्षहरु-सदस्य<br>४. श्री तिला कुमारी कामी का.पा. सदस्य-सदस्य<br>५. पूर्वाधार शाखा प्रमुख-सदस्य<br>६. योजना शाखा प्रमुख-सदस्य सचिव<br>वडा स्तरीय श्रम परिचालन समिति<br>१. वडा अध्यक्ष – संयोजक<br>२. वडा समिति अन्य सदस्य- सदस्य<br>३. सम्वन्धित टोल विकास संस्थाको अध्यक्ष-सदस्य<br>४. सम्बन्धित वडाको स्वास्थ्य कर्मी-सदस्य<br>५. वडा सचिव- सदस्य सचिव | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो। | प्रशासन शाखा |

पाना "६" मध्ये पाना "४"

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | ४.२. हरित वर्ष २०८२/०८३ सञ्चालन सम्वन्धमा। | ➢ आर्थिक वर्ष २०८२/०८३ लाई कपुरकोट गाउँपालिकाले हरित वर्ष २०८२ को रुपमा मनाउने।<br>➢ भदौ १, २०८२ देखी गाउँपालिका र मातहतका निकायमा साथै गाउँपालिकावाट आयोजित सार्वजनिक कार्यक्रमहरुमा प्लाष्टिकवाट निर्माण भएका वोत्तल, प्लेट, गिलास, खादा, माला,पोलिथिन झोला लगायतका सामग्रीहरु प्रयोगमा प्रतिवन्ध लगाउने।<br>➢ प्लाष्टिक जन्य फोहोरहरुलाई उत्पादनमै न्यूनीकरण गर्ने र उत्पादित त्यस्तो किसिमको फोहोरलाई नजलाई उचित व्यवस्थापन गर्न जनस्तरमा समेत चेतना जाग्रित गर्ने गरी अभियानात्मक कार्यक्रमहरु सञ्चालन गर्ने। सोको लागि गाउँ प्रहरीलाई हरित अभियानको दुतको रुपमा Green police, kapurkot मा परिणत गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो | वन तथा वातावरण शाखा. |
| | | ४.३. आ.व. २०८२/०८३ को योजना तथा कार्यक्रम कार्यान्वय सम्वन्धमा। | ➢ आगामी आ.व. २०८२/०८३ को लागि स्वीकृत योजना तथा कार्यक्रमहरुलाई लागत, समय, परिमाण र गुणस्तरका तवरले प्रभावकारी रुपले सम्पन्न गर्ने पहिलो त्रैमासिकवाट कार्य थालनि गर्नु पर्ने भएकोले सवै वडा र विषयगत शाखाहरुले स्वीकृत योजनाहरुको कार्यान्वयको कार्ययोजना तयार गरी प्रमुख प्रशासकीय अधिकृतवाट स्वीकृत गराई लागु गर्ने।<br>➢ उपभोक्ता समितिवाट सम्पन्न गर्नुपर्ने योजनाहरुको हकमा भदौ मसान्त भित्र उपभोक्ता समितिहरु गठन गरी सक्ने र स्थलगत सर्भे तथा लागत अनुमान तयार गर्ने कार्य समेत भदौ मसान्त भित्र सक्ने गरी वडा समिति र पूर्वाधार शाखाले आवश्यक कार्य गर्ने।<br>➢ खरिद योजना वनाई खरिद कार्वाही सञ्चालन गर्ने.<br>➢ असोज मसान्त २०८२ भित्र वडा स्तरमा योजना संझौताको कार्य र उपभोक्ता समितिहरुलाई अभिमुखीकरण गर्ने कार्य सम्पन्न गर्ने गरी कार्य योजना वनाउने।<br>➢ ठेक्का वन्दोवस्ती मार्फत सञ्चालन गर्नु पर्ने योजनाहरुको हकमा समेत भाद्र मसान्त भित्र वोलपत्र सम्वन्धी कागजातहरु तयार गरी कार्तिक मसान्त भित्र ठेक्का संझौता गर्न गरी योजना र पूर्वाधार शाखाले कार्य थालनी गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो | योजना तथा प्रशासन शाखा |

प्रमुख प्रशासकीय अधिकृत पाना "6" मध्ये पाना "४"

| | | | | | |
|---|---|---|---|---|---|
| | | ४.४. शिक्षा समितिबाट भएका सिफारिस तथा निर्णयहरु अनुमोदन तथा स्वीकृत गर्ने। | आर्थिक वर्ष २०८१/०८२ मा गाउँपालिका शिक्षा समितिबाट भएका निर्णय तथा सिफारिसहरु शिक्षा समितिका सदस्य सचिव श्री रमेश कुमार आचार्यद्वारा प्रस्तुत गर्नु भई पेश भएका विषय उपर छलफल गरी पेश भएका निर्णय तथा सिफारिसहरु मनासिवनै देखी अनुमोदन तथा स्वीकृत गर्ने निर्णय गर्ने। साथै लाइब्रेरियनहरुको समेत अरु सरह रु.१५०० का दरले तलव थप गर्ने निर्णय गरियो। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो | शिक्षा युवा तथा खेलकुद शाखा |
| | | ४.५. कपुरकोट गाउँपालिकामा करार सेवामा जनशक्ति व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०८२ स्वीकृत सम्वन्धमा। | कपुरकोट गाउँपालिकामा करार सेवामा जनशक्ति व्यवस्थापन गर्न मौजुदा रहेको "कपुरकोट गाउँपालिकामा जनशक्ति व्यवस्थापन सम्वन्धी कार्यविधि,२०७९" अपुरो भएकोले उक्त कार्यविधिलाई खारेज गरी कपुरकोट गाउँपालिकामा करार सेवामा जनशक्ति व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो | प्रशासन शाखा |
| | | ४.६.जिल्ला दर स्वीकृत सम्वन्धमा। | चालु आर्थिक वर्ष २०८२/०८३को लागि निर्माण कार्यको लागत अनुमान तयार गर्ने प्रयोजनका लागि स्थानीय सरकारले आफ्नो छुट्टै दर रेट कायम गर्न पाउने अधिकार प्रदत्त गरेकोमा सो सम्वन्धी पालिकाले आफ्नो छुट्टै नर्म्स तयार गरि नसकेकोले जिल्ला दर रेट निर्धारण समिति, सल्यानले आ.व. २०८२/०८३ को लागि स्वीकृत गरेको जिल्ला दररेटलाई नै आधार मानी पालिकाको दर कायम गर्ने निर्णय गर्नु पर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो | भौतिक पूर्वाधार शाखा |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | ४.७.कार्यसम्पादन करार संझौता गर्ने सम्वन्धमा। | स्थानीय सेवा(गठन तथा सञ्चालन) ऐन, २०८१ अनुसार गाउँपालिकाको सेवाप्रवाहलाई व्यवस्थित र नागरिकमैत्री तुल्याउन प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिका अध्यक्षका बीच कार्यसम्पादन करार संझौता गर्ने साथै प्रमुख प्रशासकीय अधिकृत र विभिन्न शाखा प्रमुखहरु बीच कार्य सम्पादन सेवा करार संझौता चालु आ.व.को प्रथम त्रैमासिक अवधिभित्र सम्पन्न गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो | प्रशासन शाखा |
| | | ४.८.आ.व. २०८२/०८३ मा संघीय तथा प्रादेशिक कार्यालयवाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमको जानकारी सम्वन्धमा। | आ.व. २०८२/०८३ मा संघीय तथा प्रादेशिक कार्यालयवाट यस गाउँपालिका अन्तर्गतका क्षेत्रहरुमा कार्यान्वयन हुने योजना तथा कार्यक्रम सम्वन्धी प्राप्त सूची गाँउकार्यपालिकाको वैठकमा पेश गरी सोको अभिलेख राख्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो | योजना शाखा |

प्रमुख प्रशासकीय अधिकृत

पाना "८" मध्ये पाना "८"